# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर


## शुभकामना सन्देश

अङ्ग्रेजी पात्रो अनुसार आजबाट सन् २०२३ बिदा भई २०२४ सुरु भएको छ । नयाँ वर्षको यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका नेपाली दाजुभाई-दिदिबहिनी एवम् समस्त नेपालीहरुमा सुख, शान्ति, सुवास्थ्य, दिघार्यू, समृद्धि तथा उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु ।

देशलाई सर्वोपरी राखी संसारभरमा हामी र हाम्रो भन्ने साझा भावनाको विकास गर्न मन, वचन र कर्मले दत्तचित्त भई लागिपर्न यस्ता विशेष पर्वले सबैलाई उत्प्रेरित गराइ राखोस् । विश्वभरका मानवहरुका लागि आजैबाट नयाँ अवसर र सम्भावना खोजी गर्न हामीलाई सफलता मिलोस् । हाम्रा बीचमा आपसी सद्भाव, सहअस्तित्व, भातृत्व र सहिष्णुता अझ प्रगाढ र कसिलो बनोस् । नयाँ वर्षलाई केवल उत्सव, रमझम र भित्तेपात्रो फेर्ने दिनका रुपमा मात्र नभएर देश निर्माणको खाका कोर्न प्रतिबद्धता व्यक्त गर्ने अवसरका रुपमा लिनसकौं भन्दै सबैलाई ‘ह्याप्पी न्यू इयर २०२४’ भन्न चाहन्छु ।

**२०८० पुस १६ गते सोमबार**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**